



मदन चित्रकार, साहित्यिक प्रकाशन 'मधुपर्क' को आवरणपृष्ठ, इ. सं. १९७३

# आवरण पृष्ठ डिजाइन

अशोकमान सिं


## लेखसार

**कुनै पुस्तक हेर्दा सामान्य जस्तो प्रतीत हुन्छ, अपितु एउटा पुस्तक पाठकको हातसम्म पुग्नुअगाडि त्यसले लेखन, सम्पादन, डिजाइन, छपाइ, बाइन्डिङ आदिको लामो सिर्जनात्मक एवम् प्राविधि प्रक्रियाको चक्र पूरा गर्नुपर्ने हुन्छ। पुस्तकप्रति पाठकको आकर्षण, मोह र पठन उत्सुकता जगाउने सन्दर्भमा आवरण पृष्ठको सर्वोपरि महत्त्व रहेको हुन्छ। ग्राफिक डिजाइनरका लागि सुन्दर र आकर्षक आवरण डिजाइन गर्ने कार्य सदा चुनौतीपूर्ण रहन्छ। व्यावहारिक कला विधाअन्तर्गत ग्राफिक डिजाइन विषय अध्ययनरत विद्यार्थीहरूका लागि आवरण पृष्ठ डिजाइनका बारेमा यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ।**


## बुक डिजाइनको परिभाषा


'बुक डिजाइन' (book design) भन्नाले पुस्तकको रूपविन्यास वा साजसज्जा भन्ने बुझिन्छ । प्रकाशन तथा मुद्रण हेतु तयार पारिने पुस्तकका विषयवस्तु तथा सम्बन्धित फोटो, चित्र, नक्सा, चार्ट आदिलाई एकत्रित पार्दै आकर्षक स्वरूप दिने कार्यलाई बुक डिजाइन भनिन्छ । अझ बुझिने भाषामा भन्ने हो भने बुक डिजाइन भनेको पाठ्य सामग्रीको समग्र अन्तिम रूप हो । यस अर्थमा पुस्तकको शैली, फर्म्याट, डिजाइन र त्यसभित्रका पढिने विषयको अनुक्रमिक रूप आदि तत्त्वलाई ठोस रूपमा एउटै ठाउँमा एकीकृत गरेर प्रक्रियात्मक ढङ्गले प्रस्तुत गरिने कार्य नै बुक डिजाइन हो । निचोडमा भन्नुपर्दा यो सिर्जनात्मक प्रक्रिया र प्राविधिक प्रक्रियाको संयुक्त एवम् ठोस परिणाम हो ।

कुनै पुस्तकको डिजाइन गर्ने सन्दर्भमा त्यसमा विविध प्रक्रियागत पक्षहरू पर्छन्। तीमध्ये एउटा महत्त्वपूर्ण अङग हो – 'बुक कभर डिजाइन' (book cover design) अर्थात् 'पुस्तकको आवरण पृष्ठ विन्यास' ।

## आवरण डिजाइन

'कभर डिजाइन' (cover design) अर्थात् पुस्तकको आवरण डिजाइन भन्नाले कुनै पनि पुस्तकको मुखपृष्ठलाई सजाएर प्रस्तुत गरिने कला भन्ने बुझिन्छ । प्रस्ट रूपमा भन्नुपर्दा पुस्तकको विषयवस्तुसँग मिल्ने गरी त्यसको सार तत्त्वलाई लिएर डिजाइनका मूल अङ्गहरू – चित्र अथवा फोटो र अक्षर (पुस्तकको मूल शीर्षक, लेखकको नाम, प्रकाशन संस्थाको नाम) लाई कलात्मक ढङ्गले संयोजन गरी प्रस्तुत गर्ने कलालाई नै आवरण डिजाइन मानिन्छ। अपितु आवरण डिजाइनको काम भनेको कुनै पुस्तकको अगाडिको पृष्ठको डिजाइन मात्र हो भनेर बुझ्नु हुँदैन । अर्थात् पुस्तकको मुखपृष्ठ र पार्श्वपृष्ठ वा अन्तिम पृष्ठको संयुक्त डिजाइनलाई नै पुस्तक आवरण डिजाइनका रूपमा लिइन्छ । ग्राफिक डिजाइनका सन्दर्भमा पुस्तक आवरण डिजाइन अति महत्त्वपूर्ण एवम् चुनौतीपूर्ण विषय हो ।

## इतिहास






पुस्तक डिजाइनको सुरुआत ३,००० इस्वी संवत्पूर्व इजिप्टबाट भएको मानिन्छ । झन्डै त्यसै ताका मेसोपोटामिया (वर्तमान इराक) मा पढ्ने विषयवस्तुलाई लामो अवधिसम्मका लागि अभिलेखका रूपमा सुरक्षित गरी राख्नका लागि एक किसिमको पातलो हलुको र सजिलो तरिकाले बनाइएको चेप्टो फराकिलो खालको माटोमा लेख्ने प्रचलन थियो । त्यही उद्देश्यका लागि प्राचीन इजिप्टमा नाइल नदीको किनारमा उम्रिने पपाइरस (papyrus) भनिने ठुल्ठला सुकेको बोटका पातहरूलाई कागज बनाउनका लागि प्रयोग गरिन्थ्यो । कालान्तरमा इस्वी संवत् दोस्रो शताब्दीमा पपाइरसका पातलाई कुटेर ससाना साइजमा पट्याउन मिलने गरी हाते कागज बनाई पुस्तकको विकास गरिएको थियो।

राम्रो गुणस्तरको कागज निर्माणको आविष्कार भने चीनबाट भएको थियो । कागज उत्पादनको आधिकारिक घोषणा तत्कालीन चीनका सम्राट् साइ लुन (Ts'ai Lun) ले इ. सं. १०५ मा गरेका थिए। मानव सभ्यताको विकाससँगै लामो अन्तरालपछि आठौं शताब्दीमा आएर चीनमा आधुनिक छपाइ प्रविधिको विकास भएको थियो । विश्वमा काठको ब्लक बनाएर छाप्ने प्रविधिको थालनी पनि चीनबाट नै भएको थियो । इ. सं. ८६८ मा चीनमा 'डायमन्ड सुत्र' ( Diamond Sutra) नामको पुस्तक प्रकाशित भएको थियो । यसलाई विश्व इतिहासमा पहिलो पुस्तकका रूपमा लिने गरिन्छ । वाङ-चीअ (Wang-Chieh) द्वारा प्रकाशित उक्त पुस्तक काठको ब्लकद्वारा आकर्षक तरिकाले छपाइ गरिएको थियो । यस अर्थले विश्व इतिहासमा पुस्तक डिजाइनको सुरूआत एसिया महाद्वीपबाट नै भएको मानिन्छ।

आधुनिक प्रविधिको प्रयोगद्वारा पुस्तक मुद्रणको विकास भने युरोपमा भएको मानिन्छ । इ. सं. १४३९ मा जर्मनीका सुनार योहान्स गुटनेबर्ग (Johannes Gutenberg) ले धातुको अक्षर ढालेर छाप्न सकिने लेटरप्रेस (letterpress) को आविष्कार गरेका थिए । उनले तिन सय ओटा विभिन्न ढाँचाका अक्षर (फन्ट) हरू पनि सिर्जना गरेका थिए । इ. सं. १४५५ मा गुटेनबर्गले '४२-लाइन बाइबल' (42-Line Bible) नाउँको पुस्तक छापेर प्रकाशित गरेका थिए । 'गुटेनबर्ग बाइबल' (Gutenberg Bible) नाउँबाट चिनिने यस पुस्तकको उनले यसको १८० ओटा प्रति मुद्रण गरेका थिए । उनको यस कृतिलाई युरोपमा प्रकाशित पहिलो पुस्तकका रूपमा लिइन्छ ।

इ. सं. १४७३ मा लन्डनमा लेखक विलियम क्याक्सन (William Caxtion) ले अङ्ग्रेजी भाषामा




अनुवाद गरेको 'रिक्युयल अफ दि हिस्ट्रिज अफ ट्रोय' (Recuyell of the Histories of Troye) शीर्षकको पुस्तक प्रकाशित भएको थियो । यस पुस्तकलाई अङ्ग्रेजी भाषाको पहिलो पुस्तक मानिन्छ । त्यस्तै, इ. सं. १६४० स्टेफन डे (Stephen Daye) नामका मुद्रकले उत्तर अमेरिकामा 'बे साम बुक' (Bay Psalm Book) शीर्षकको पुस्तक प्रकाशित गरेका थिए । उत्तर अमेरिकाको इतिहासमा यसलाई पहिलो पुस्तक मानिन्छ । यसरी पुस्तक प्रकाशनको विकाससँगै बुक डिजाइनको विकास आरम्भ भएको थियो।

इस्वी संवत् सत्रौं/अठारौं शताब्दीसम्म आइपुग्दा लेटरप्रेस प्रविधिले राम्रो गति लिइसकेको थियो, र सोहीअनुरूप गुणस्तरीय पुस्तकहरूको उत्पादनले निकै व्यापकता लिइसकेको थियो । आजको एकाइसौं शताब्दीको पूर्वार्द्ध कालसम्म आइपुग्दा पुस्तक डिजाइन तथा प्रकाशन व्यवसायले निकै ठुलो फड्को मारिसकेको छ।

## नेपालमा पुस्तक प्रकाशन र पुस्तक डिजाइनको थालनी

नेपालका सन्दर्भमा पुस्तक प्रकाशनको इतिहासले लगभग एक सय वर्षमात्र काटेको छ । इ. सं. १९०९ मा निष्ठानन्द वज्राचार्य आफू स्वयम् कलकत्ता पुगी त्यहाँबाट छपाइ गर्ने टाइप ल्याएर आफैंले टाइप कम्पोज नेपाल भाषाको पुस्तक 'एक विनशति प्रज्ञापारमिता' शीर्षकको पुस्तक प्रकाशित गरेका थिए । सम्भवतः सोही पुस्तक नै नेपालको

पुस्तक इतिहासमा पहिलो पुस्तक हो । इ. सं. १९१४ मा उनै निष्ठानन्द वज्राचार्यले भगवान् बुद्धको जीवनीमा आधारित 'ललितविस्तार' र 'स्वयम्भूपुराण' पनि प्रकाशिन गरेका थिए।

इं. सं. १९१३ मा साझा प्रकाशनको स्थापना भएको थियो । यो संस्था पहिला गोर्खा भाषा प्रकाशिनी समितिको नाममा स्थापना भएको थियो । फेरि इ. सं. १९३२ मा नेपाल भाषा प्रकाशिनी समितिको नाउँलाई परिवर्तन गएिको थियो । इ. सं. १९६४ देखि यो संस्था पुनः साझा प्रकाशनको नाउँमा सञ्चालन हुन थालेको थियो । अतः नेपालमा पुस्तक प्रकाशन गर्ने जेठो प्रकाशन संस्थाका रूपमा साझा प्रकाशनलाई मानिन्छ ।

इ. सं. १९३९ मा काठमाडौं स्थित भोटाहिटीमा रामदास श्रेष्ठले 'रामदास एन्ड सन्स' नामबाट पुस्तक पसल स्थापना गरेका थिए । इ. सं. १९४६ देखि उक्त पसललाई उनका छोरा रत्नप्रसाद श्रेष्ठले 'रत्न पुस्तक भण्डार' को नामबाट प्रकाशन संस्थाको रूप दिएका थिए । इ. सं. १९४०-४६ अवधिमा प्रकाशित 'नेपाली वर्णमाला', 'भागवतस्तोत्र' र 'पञ्चस्तोत्र' यस प्रकाशन संस्थाका प्रारम्भिक पुस्तकका रूपमा चिनिन्छन् । झन्डै आठ दशकको इतिहास बोकेको रत्न पुस्तक भण्डार नै नेपालको इतिहासमा निजी क्षेत्रबाट स्थापित पहिलो र सबैभन्दा पुरानो पुस्तक पसल हो भनेमा कुनै अतिशयोक्ति नहोला ।

हामीकहाँ बिसौं शताब्दीको मध्यकाल कालदेखि मात्र पुस्तक प्रकाशन व्यवसायले केही मात्रामा गति लिएको बुझिन्छ । त्यसअगाडिसम्म अधिकांश नेपाली पुस्तकहरु भारतमा मुद्रण गरिन्थ्यो । साझा प्रकाशन, रत्न पुस्तक भण्डार जस्ता स्वदेशी प्रकाशन संस्थाहरूको सक्रियता बढेसँगै नेपाली कलाकारहरूले पनि पुस्तकका आवरण डिजाइन गर्ने अवसर पाउन थालेका थिए । त्यसताका ग्राफिक डिजाइन सम्बन्धी मात्र काम गर्ने कलाकारहरु थिएनन्, र त्यस्तो अवस्था पनि थिएन । अतः चित्रकारीका क्षेत्रमा समर्पित कलाकारहरूले नै आवरण पृष्ठ डिजाइन सम्बन्धी काम गर्थे । आधुनिक नेपाली कलाका क्षेत्रका अग्रज कलाकारहरु तेजबहादुर चित्रकार, चन्द्रमान सिंह मास्के, केशव दवाडी, लैनसिंह बाङ्देल आदिलाई नै नेपालका सुरूका 'बुक कभर डिजाइनर' मान्नुपर्ने हुन्छ ।

उल्लिखित अग्रज कलाकारहरु पछि आएका प्रायः सबै कलाकाहरूले धेरथोर मात्रामा यस क्षेत्रमा हात हालेको देखिन्छ । तिनमा शशी शाह, मनुजबाबु मिश्र, मदन चित्रकार, विजय थापा, कुलमान सिंह भण्डारी, दिलबहादुर चित्रकार, टेकवीर मुखिया, दुर्गा बराल, के. के. कर्माचार्य, राधेश्याम मुल्मी आदि उल्लेखनीय छन् ।

नेपाली पुस्तकका लागि आवरण तथा मुखपृष्ठको डिजाइन बनाउने कलाकारमध्ये कुलमान सिंह भण्डारी र टेकवीर मुखियाको नाम अग्र पङ्क्तिमा आउँछ । कुलमान सिंहले इ. सं. १०५९ देखि पुस्तकको आवरण डिजाइन बनाउन थालेका थिए । उनको पहिलो आवरण डिजाइन 'जीवनको थुम्को' (इ. सं. १९५९) थियो । उनले झन्डै एक सय ओटाभन्दा बढी पुस्तकको आवरण बनाएका थिए । अर्का कलाकार टेकवीर मुखियाले झन्डै एक हजार ओटाभन्दा बढी सङ्ख्यामा पुस्तकहरूको आवरण डिजाइन बनाइसकेका छन् । उनले इ. सं. १९६५ देखि यस क्षेत्रमा हात हालेका थिए । उनी साझा प्रकाशनबाट प्रकाशित हुने अधिकांश पुस्तकहरूको आवरण डिजाइनर का रूपमा चिनिन्छन् । नेपालको प्रकाशनको

इतिहासमा सबैभन्दा बढी पुस्तकका आवरण बनाउने कलाकार मुखिया नै हुन् भनेमा अतिशयोक्ति नहोला ।

## पुस्तकका आकार प्रकार र तिनका प्राविधिक पक्ष

पुस्तक जगत्मा पुस्तकहरू मुद्रण गरिने मेसिनको निश्चित साइज र त्यसमा मिल्ने उपयुक्त कागजको साइजअनुसार छापिने गरिन्छ । विश्वभरि नै छपाइका लागि प्रयोग गरिने मेसिन विशेषतः दुई ओटा स्ट्यान्डर्ड साइजमा निर्माण गरिएको हुन्छ – 'ए-सिरिज मेसिन' (A-series machine) र 'बी-सिरिज मेसिन' (B-series machine) मेसिन । तिनै स्ट्यान्डर्ड मेसिनको साइजका आधारमा कागजको उत्पादन पनि मूलतः दुइ साइजमा गरिका हुन्छन् – 'ए-सिरिज कागज' (A-series paper) र 'बी- सिरिज कागज' (B-series paper) । तिनै दुई साइजका मेसिन र कागजका साइजअनुसार विभिन्न आकार प्रकारका पुस्तकहरू प्रकाशिन गरिन्छन् ।

अन्तर्राष्ट्रिय स्तरमा प्रचलित पुस्तकका साइजहरू यस प्रकार छन् –

- ए सिरिजको 'ए-फो' (A-4) साइज (८"X१०"/८.५"X११.५") – विशेषतः बाल साहित्य, विद्यालय स्तरीय पाठ्यपुस्तक आदिका लागि उपयुक्त)
- ए सिरिजको 'ए-फाइभ' (A-5) साइज (५.५"X८.५"/५"X८") – (विशेषतः फिक्सनका लागि उपयुक्त)
- बी सिरिजको 'बी-फाइभ' (B-5) साइज – (६"X९"/७"X९.५") – विशेषतः पाठ्यपुस्तकका लागि उपयुक्त)
- बी सिरिजको बी-सिक्स् (B-6) साइज – (४.५"X६.५"/५"X७") – विशेषतः साहित्यिक प्रकाशनहरूका लागि उपयुक्त ।

उल्लिखित चार थरीको पुस्तकका साइजहरू प्रेसबाट उत्पादन गरिने फाइनल अर्थात् तयारी साइज हुन् । ती साइजका लागि बजारमा दुइ थरीको साइजका कागज पाइन्छन् । ए सिरिजको साइज - २४"X३६" र बी सिरिजको साइज - २०"X३०" अलावा २८"X४०" साइज ।

प्रायः यिनै दुई साइजमा कागज खेर नजाने हिसाबले उल्लिखित विभिन्न साइजका पुस्तकहरू मुद्रण गरिन्छन् ।

## पुस्तक आवरण डिजाइनको संरचना र बनावट

पुस्तकको आवरण डिजाइन भन्नाले कुनै पनि पुस्तकको अगाडि र पछाडिका समग्र भागको डिजाइनको रूप हो भन्ने बुझ्नुपर्छ ।

कुनै पनि बुक कभर डिजाइन गर्दा पुस्तकको अगाडिको मुखपृष्ठ, पछाडिको अन्तिम पृष्ठ र अगाडि पछाडि बिचको भाग समेत राखी डिजाइनको फर्म्याट बनाउनुपर्ने हुन्छ । समग्र पुस्तकको आवरणको आकारलाई मूलतः तिन खण्डमा विभाजित गरी संरचना गर्ने गरिन्छ –

- पहिलो खण्ड – अग्र आवरण अथवा मुखपृष्ठ (front cover)
- दोस्रो खण्ड – पार्श्व आवरण (back cover)
- तेस्रो खण्ड – मुखपृष्ठ र अन्तिम पृष्ठको मध्यभाग अर्थात् मेरुदण्ड (spine)


**अग्र आवरण अथवा मुखपृष्ठ** : पुस्तकको सबैभन्दा अगाडिको आवरण पृष्ठलाई 'फ्रन्ट कभर' अर्थात्

अग्र आवरण भनिन्छ । यसमा पुस्तकको शीर्षक, उपयुक्त तथा सान्दर्भिक फोटो अथवा चित्र र लेखकको नाम रहन्छन् ।

**पार्श्व आवरण** : 'ब्याक कभर' अर्थात् पार्श्व आवरण भन्नाले कुनै पनि पुस्तकको अन्तिम आवरण पृष्ठलाई बुझाउँछ । यस खण्डमा प्रायः लेखकको फोटोसहित सङ्क्षिप्त परिचयात्मक विवरण रहन्छ । यस अतिरिक्त पुस्तक भित्रका केही सान्दर्भिक एवम् महत्त्वपूर्ण वाक्यांशहरु पनि उद्धृत गरी प्रस्तुत गर्ने गरिन्छ । कुनै कुनै पुस्तकमा सो पुस्तकका बारे कुनै विशिष्ट पाठक वा समीक्षकले भनेका/लेखेका कुरा पनि राख्ने गरिन्छ । यस पृष्ठमा प्रकाशन संस्थाको लोगो, आइएसबिएन (ISBN) र पुस्तकको मूल्य पनि अङ्कित गरिएका हुन्छन् ।

**मेरुदण्ड** : अग्रआवरणको बायाँ छेउ र पार्श्वआवरणको दायाँ छेउको माथिदेखि फेदसम्मको ठाडो भागलाई 'स्पाइन' अर्थात् मेरूदण्ड भनिन्छ । यस खण्डमा पुस्तकको नाम, लेखकको नाम, प्रकाशन संस्थाको लोगो तथा मूल्य समेत रन्छन् । यस खण्डको मोटाइ पुस्तकको पृष्ठ सङ्ख्याका आधारमा हुने गर्छ । पुस्तक राख्ने दराज तथा र्‍याकहरूमा प्रायः स्पाइन देखिने गरी पुस्तकलाई ठाडो गरेर राख्ने गरिन्छ । सामान्यतया पुस्तकको आवरण बनाउँदा प्रायः माथि उल्लिखित तिन खण्डमा विभाजन गरेर डिजाइनको ढाँचा तयार पार्ने गरिन्छ । अपितु पुस्तकको महत्त्व, स्तरीयता, आकर्षण तथा सुरक्षणलाई दृष्टिगत गर्दै पुस्तकको आवरणलाई छोपिने वा ढाकिने गरी थप अर्को कभर बनाएर राख्ने प्रचलन पनि पाइन्छ । यसरी छुट्टै आवरण डिजाइन बनाएर राख्ने कामलाई प्रकाशनको भाषामा 'बुक कभर ज्याकेट' (book cover jacket) अथवा 'डस्ट-ज्याकेट' (dust-Jacket) भन्ने गरिन्छ ।

डस्ट-ज्याकेट अलि खर्चिलो हुन्छ, तथापि पाठकमा पुस्तकको महत्त्व र स्तरीयताको प्रभाव जमाउनमा यसले राम्रो भूमिका खेल्छ । यस अतिरिक्त पुस्तकलाई फोहोर र मैलो हुनबाट




*डस्ट-ज्याकेटको उदाहरण*

जोगाउनु तथा सुरक्षित पार्नु पनि डस्ट-ज्याकेट डिजाइनको उद्देश्य हो । डस्ट-ज्याकेटमा पुस्तक तथा लेखकसँग सम्बन्धित थप जानकारी पनि समावेश गरिएका हुन्छन् ।

### पुस्तक डिजाइनका प्रक्रियात्मक सिद्धान्तहरू

कुनै पनि डिजाइन बनाउँदा त्यसका केही आधार भूत सिद्धान्तको पालना गर्नु अपरिहार्य हुन्छ । अतः पुस्तकको आवरण डिजाइन बनाउँदा पनि त्यसका लागि निम्नलिखित सैद्धान्तिक पक्षहरूलाई मनन गर्नुपर्ने हुन्छ :

- लेआउट डिजाइनका संरचनात्मक पक्षहरु (Structural Elements of Layout design)
- डिजाइनका सैद्धान्तिक पक्षहरु (Principles of Design)
- डिजाइनका तत्त्वहरु (Elements of Design)

**लेआउट डिजाइनका संरचनात्मक पक्षरू** : पुस्तकको आवरण डिजाइनका लागि प्रारम्भिक योजना तयार गरिन्छ । उक्त योजनाका लागि सर्वप्रथम पुस्तकको आकार प्रकार अथवा साइज निर्धारण गरी फर्म्याट तयार पारिन्छ । उक्त फर्म्याटमा लेआउटको संरचना गरिन्छ । लेआउटमा ग्रिड-लाइन (grid-line), कोलम (column), स्पाइन (spine), फिनिसिङ-कटिङ मार्क (finishing-cutting mark), फोल्डिङ मार्क मार्जिन (folding mark margin) आदि तत्त्वहरू प्रयोग गरिन्छन् । यी तत्वहरू नै डिजाइनका संरचनात्मक पक्षहरू हुन् ।

पुस्तकको प्रारम्भिक रूपरेखाका लागि ग्रिड बक्स तथा लाइनको प्रयोग गरिन्छ । चित्र (picture) तथा पठनीय विषयवस्तु (texts) लाई सङ्गठित गर्नका लागि कोलमको प्रयोग गरिन्छ । पुस्तकको अन्तिम वा तयारी रूप तथा आकारलाई पूर्ण रूप दिनका लागि फिनिसिङ-कटिङ मार्क प्रयोग गरिन्छ । त्यस्तै, स्पाइन खण्डलाई दायाँ बायाँ पट्याउनका लागि फोल्डिङ लाइन प्रयोग गरिन्छ । उल्लिखित सबै कुराहरू कभर डिजाइन लेआउटका महत्त्वपूर्ण अङ्ग मानिन्छन् ।

**डिजाइनका सैद्धान्तिक पक्षरू** : आवरण डिजाइनलाई सुन्दर, आकर्षक एवम् जीवन्त बनाउनमा डिजाइनका लागि निर्धारित सैद्धान्तिक पक्षहरूमध्ये यी केही सिद्धान्तहरूको अहं भूमिका रहेको हुन्छ — संयोजन (composition), अनुपात (proportion), ऐक्यता (unity), सन्तुलन (balance), विशिष्टता (emphasis), अन्तरभेद (contrast) र पङ्क्तिबद्धता (alignment) ।

**संयोजन (Composition):** पुस्तकको मूल शीर्षक, चित्र वा फोटो, लेखकको नाम आदिलाई उपयुक्त तरिकाले सही ठाउँमा व्यवस्थित रूपबाट स्थापित गर्नु ।

**अनुपात (Proportion):** एकभन्दा बढी चित्र अथवा फोटो, मूल शीर्षक, अन्य उपशीर्षक, लेखकको नाम आदिबिच ठुलो र सानो, गाढा र फिका आदि तत्त्वहरूलाई समन्वय गर्नु ।

**ऐक्यता (Unity):** दुई वा दुईभन्दा बढी रङलाई क्रमिक ढङ्गले एकीकृत गर्दै सन्तुलित तरिकाले रङ संयोजन गर्नु ।

**सन्तुलन (Balance):** डिजाइनमा प्रयुक्त विविध अङ्गहरूलाई नियोजित वा अनियोजित, समानुपातिक वा असमानुपातिक रूपमा संयोजन गरेर समग्र डिजाइनमा सन्तुलन कायम गर्नु ।

**विशिष्टता (Emphasis):** डिजाइनमा प्रयोग गरिने अङ्गहरूमा विशिष्ट प्रभाव वा प्रबलता पैदा गर्नु ।

**अन्तरभेद (Contrast):** गाढा रङको पृष्ठभूमिमा फिका रङ, उज्यालो आकृतिको पार्श्वमा अँध्यारो आकृति आदि संयोजन गरेर डिजाइनमा विभेदको प्रभाव पैदा गर्नु ।

**पङ्क्तिबद्धता (Alignment):** डिजाइनमा प्रयुक्त अक्षरहरु वा आकृतिहरूलाई दायाँ वा बायाँ, तेर्सो वा ठाडो वा चित्र सतहको बिच भागमा पर्नेगरी संयोजन गर्नु ।

**डिजाइनका तत्त्वहरू** : बिन्दु (point), रेखा (line), रुप र आकार (shape and size), रङ (color), प्रकाश र छाया (light and shade), सतह प्रभाव (texture) र खुला ठाउँ (space) यी सबै डिजाइनका तत्त्वहरु हुन् ।

उल्लिखित डिजाइनका तत्त्वहरूमध्ये आवरण डिजाइनका सन्दर्भमा रङ र खाली स्थान अर्थात् स्पेसले विशेष महत्त्व बोकेका हुन्छन् ।

**रङ (Color):** उपयुक्त वा सही रङको चयन हुनु एकदम अनिवार्य हुन्छ । लालित्यका दृष्टिले भड्किला तथा बहु रङको प्रयोगभन्दा सादगीपूर्ण रङ विन्यास एवम् सीमित रङद्वारा संयोजित आवरण पृष्ठलाई सुन्दर मानिन्छ।

**खुला ठाउँ (Space):** डिजाइनमा प्रयोग गरिने आकृति तथा अक्षर जस्ता अङ्ग पूरकहरू ले ओगटेका ठाउँ वा स्पेसलाई 'पोजिटिभ स्पेस' (positive space) र अङ्ग पूरकहरूले नओगटे का खुला वा खाली ठाउँलाई नेगेटिभ स्पेस (negative space) भन्ने गरिन्छ । डिजाइनमा यी दुवै स्पेसको उत्तिकै महत्त्व रहेको हुन्छ ।

## उपसंहार

पुस्तक प्रकाशनको लामो इतिहास र परम्परा रहिआएको छ । एकाइसौं शताब्दीको पूर्वार्द्धको वर्तमान युगसम्म आइपुग्दा पुस्तक प्रकाशनको व्यवसायले एकदम व्यापकता लिइसकेको छ । फलतः पुस्तकको छपाइ, बाइन्डिङ, आवरण पृष्ठ डिजाइन आदि प्राविधिक पक्षहरूमा नवीनतम एवम् उत्कृष्ट प्रविधिहरूको विकासको क्रम जारी नै छन् ।

पुस्तक बजारको बिस्तारसँगै ग्राफिक डिजाइनरहरूका लागि आवरण पृष्ठ डिजाइनका लागि प्रशस्त अवसरहरू प्राप्त भइरहेका छन् । उनीहरूका लागि यो व्यवसाय प्रतिस्पर्धात्मक एवम् चुनौतीपूर्ण पनि बन्दै गएका छन् । सिर्जनात्मक सोच र सिप बिना आवरण डिजाइनको क्षेत्रमा टिकिरहन वर्तमान युगका डिजाइनरहरूका लागि सहज हुन सक्दैन ।

यस प्रकरणमा पुस्तक आवरण डिजाइनका लागि एकजना डिजाइनरले ध्यान दिनुपर्ने केही आधारभूत बुँदाहरूबारे 'डिजाइनहिल' (Designhill) नामको प्रसिद्ध डिजाइन हाउससँग सम्बद्ध अेरिकी लेखक, डिजाइनर तथा मार्केटिङ कन्सल्ट्यान्ट एन कार्टोन' (Anne Carton) को भनाइलाई यहाँ साभार गरिएको छ :

- पहिलो महत्त्वपूर्ण कुरो – बुक कभर डिजाइनका लागि पुस्तकको विषयवस्तुका समग्र सारतत्त्वलाई ग्रहण गरेर वा बुझेर आवरण डिजाइनको परिकल्पना गर्नुपर्छ।
- दोस्रो महत्त्वपूर्ण कुरो – लक्षित पाठक वर्गका लागि विशेष केन्द्रित भएर अथवा ध्यान दिएर डिजाइन प्रस्तुत गर्नुपर्छ
- तेस्रो महत्त्वपूर्ण कुरो – पुस्तकको आवरणलाई हेर्दा साधारण तर आकर्षक बनाउनुपर्छ ।

## स्रोत सामग्री


*Book Cover Design*. DESIGNHILL

Jennings, Simon. *The Complete Guide to Advanced Illustration and Design.* Chartwell Books, Inc, London

Pipes, Alan. *Production For Graphic Designers.* Laurence King

Simmons, Jason. *The Designer's Desktop Manual.* Canada

Vajracharya, Nishthananda. *Ekavimshati Pragyaparamaita*

https://archive.org/details/


https://en.wikipedia.org/wiki/The_Unlikely_Pilgrimage_of_Harold_Fry

https://www.designhill.com/design-blog/famous-book-cover-designs-

https://www.goodreads.com/book/show/6791785-rooms

wickipedia, Free Encychlopedia

www. ratnabooks. com > ysearchsubject


***अशोकमान सिं***

*अशोकमान सिं विगत चार दशकदेखि चित्रकला, फोटोग्राफी, ग्राफिक डिजाइन, इलस्ट्रेसन, मुद्रण तथा उत्पादन एवम् प्रकाशन क्षेत्रमा कार्यरत रहँदै आएका छन् ।*

*उनी साहित्य विधामा पनि कलम चलाउँछन् । उनका 'रङ' शीर्षकको अत्यन्त उपयोगी पुस्तकका अतिरिक्त उपन्यास एवम् बाल कथाहरू प्रकाशित छन् । नेपाल सरकारबाट प्रदान गरिने क्षेत्रीय राष्ट्रिय पुरस्कार र नेपाल ललितकला प्रज्ञा (लेखन) पुरस्कारबाट समेत सम्मानित सिंले अन्य विभिन्न पुरस्कार प्राप्त गरिसकेका छन् । हाल उनी सेन्टर फर आर्ट एन्ड डिजाइन, काठमाडौँ युनिभर्सिटी र सिर्जना कलेज अफ फाइन आर्टसूमा अध्यापनरत छन् ।*